नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं.

पत्र संख्या :- ०८२।८३
चलानी नं.:- ४३५

मितिः २०८२/०६/३१

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

**श्री दूधकोशी पावर कम्पनी प्रा.लि.,**
**काठमाडौं, नेपाल।**
**फोन नः ९८४९९४०४८१/९८०३०६०६६० ।**

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित दूधकोशी-९ जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू उल्लिखि अवधि भित्रै पेश गर्न हुन मिति २०८२/०६/३० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) प्रस्तावित क्षेत्र सगरमाथा राष्ट्रिय निकुन्जको मध्यवर्ति क्षेत्रमा पर्ने देखिएको हुनाले देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम सहमति **छ महिना भित्र** वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमति **पेश गर्न नसकेमा दरखास्त रद्द हुनेछ।**

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र निम्न विवरणहरू

- नोटराइज नभएको विवरण प्राप्त भएकोले नोटराइज गरिएको निम्न प्रवर्द्धक कम्पनी सम्बन्धी विवरणहरू
  - प्रवर्द्धक कम्पनी को दर्ताको प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावलीको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्यान दर्ता को नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्रको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरूको नोटराइज प्रतिलिपि,
- Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको),
- विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८१/८२ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
- परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर